का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ भदौ २०७९,
शनिबार
27 August 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपपर हेर्न

वर्ष २०, अंक २०३ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

**बहसमा बालेन**

# पक्ष र विपक्ष विभाजित नेताहरू

अनधिकृत संरचना भत्काउने काठमाडौंका मेयर बालेनको कदमबारे समाजमा बहस जारी छ । जसमा बिभिन्न राजनीतिक दलका नेताहरु पक्ष र विपक्षमा विभाजित भएका छन् । उस्तै गरी समाज पनि ।



"वेल डन बालेन शाह, किप इट अप"

**डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री



"हामीसँग नजिक भएका कारण डोजर चलाएको हो भने लहडी आतङ्क नियन्त्रण गर्न बाध्य हुने छौं ।"

**महेश बस्नेत**
पूर्वउद्योगमन्त्री



"मलाई जस्तो दलिय दबाब मेयर बालेन जीलाई हुँदैन ।"

**रामकुमार झाँक्री**
पूर्वसहरी विकासमन्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

शुक्रबार नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले काठमाडौंका मेयर बालेन्द्र शाहको प्रशंसा गरे । महानगरभित्र अनाधिकृत रुपमा बनाईएका संरचना, अनाधिकृत रुपमा पुटपाथका राखिएका पसल हटाउने कार्य सुरु गरेको' भन्दै उनले प्रशंसा गरेका हुन् । उनले भनेका थिए, 'शालिक बनाउने काठमाण्डौंको मेयरको निर्णय सुन्दा मलाई लागेको थियो जुन जोगी आए पनि कानै चिरेको तर अनधिकृत रुपमा बनाइएका घर-टहराहरु भत्काउने कार्यको थालनी देख्दा केही फरकपन महसुस गरेको छु । यस कार्यको खुलेर प्रशंसा गर्छु ।'

राजनीतिक उचाइका दृष्टिले उच्च तहबाट खुल्लामखुल्ला रुपमा बालेनको पछिल्लो कार्यको प्रशंसा भएको सायद यो पहिलो थियो । तर, उनै सभापति रहेको कांग्रेसका सचेतक मीन विश्वकर्माले शनिवार बालेन शैलीको विरोध गरे । विश्वकर्माले कानुनी दायरामा ल्याएर कारबाही गर्ने अधिकार हुँदाहुँदै मेयर बालेनले भौतिक संरचनाहरु हटाउँदा अराजकता सृजना गरेको भन्दै आपत्ति जनाए । 'हामी आज बजारमा के-के देख्दै छौ त ? भत्काउँदै हिंडनु भएको छ नि हैन, मेयर साव । हाम्रो सिष्टमले भनेको त्यो हो त ? त्यसको कानुनी प्रक्रिया छैन ?' उनले भने । उनी थप्छन्, 'गृहमन्त्रीलाई बन्दुक चलाउने अधिकार छ । स्थानीय तहको बजार व्यवस्थापन गर्ने सबै अधिकार मेयरलाई छ । तर अधिकार छ भनेर शान्ति, सुरक्षा भएन भनेर गृहमन्त्री आफैंले बन्दुक बोकेर हिंडनु भयो भने के हुन्छ ?'

अर्थात, अनधिकृत संरचना भत्काउने काठमाडौंका मेयर बालेनको कदमबारे समाजमा बहस जारी छ । जसमा बिभिन्न राजनीतिक दलका नेताहरु पक्ष र विपक्षमा विभाजित भएका छन् । उस्तै गरी समाज पनि ।

बिहीबार बानेश्वरको 'अल्फाबिटा' को पार्किङ हुनुपर्ने भुईतल्लामा मेडिकल सञ्चालनमा ल्याइएको भन्दै अवैध संरचना डोजर जोतिएपछि एमाले नेता महेश बस्नेतले विरोध मात्रै गरेनन् बालेन विरुद्ध आक्रोश पनि व्यक्त गरे ।

जसमा उनले अल्फाबिटामा डोजर चल्नुमा आफूसँग नजिक भएको वा फोटो लिएको विषयलाई जोडेका छन् । त्यस्तो भए आफूहरू समेत मिलेर सन्की र लहडी आतङ्क नियन्त्रण गर्न बाध्य हुने उनको चेतावनी छ ।

बस्नेतले लेखेका छन्, 'अल्फा बिटा कम्प्लेक्समाथि किन डोजर चलाएको ?
१. नक्सा पासअनुसार घर निर्माण नगरेको भएर ?
२. हामीसँग नजिक भएर या हामीसङ्ग फोटो लिएको कारण ?

पहिलो कारण हो भने जायज होला,नाजायज भए पनि सम्बन्धित पीडितहरूले कानुनी उपचार खोज्लान् नै । दोस्रो कारण हो भने त हामीसमेत मिलेर कसैको सन्की र लहडी आतङ्क नियन्त्रण गर्न बाध्य हुने छौं ।' उस्तै आक्रोशका साथ बालेनको – बाँकी पृष्ठ २ मा

# त्रसित ओली
## जनमत बढाउने उपाय खोज्दै

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० भदौ ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आगामी निर्वाचनमा आफ्नो पार्टीका पक्षमा मत ल्याउने उपाय खोज्न थालेका छन् । सत्तागठबन्धनका कारण थोरै स्थानमा मात्रै चुनाव जित्ने प्रक्षेपण गरेका ओलीले ६ वटा रणनीति अघि सारेका हुन् ।

जसमा मतदाता नामावली अद्यावधिक गर्ने र दोहोरिएका नामहरू हटाउन निर्वाचन आयोगकको ध्यानाकर्षण गर्ने, पार्टीको नीति र एजेण्डाको व्यापक प्रचार गर्ने र एमाले सरकारमा हुँदा गरेका कामको प्रचार गर्ने रहेका छन् । त्यस्तै, गठबन्धनको मनोवैज्ञानिक भयबाट मुक्त हुने, ठोस योजनाका साथ अघि बढ्ने र युवा पुस्तालाई विशेष प्राथमिकता दिदाँ आफ्नो पक्षमा नतिजा आउन सक्ने अध्यक्ष ओलीको विश्वास छ ।

'हामीलाई बहुमतका लागि आवश्यक पर्ने करिब १६ प्रतिशत मत अपुग छ । यसलाई वृद्धि गर्न नयाँ योजनाका साथ अघि बढ्नुछ' ओलीले प्रतिवेदनमा लेखेका छन् । उनी सकेसम्म सत्तागठबन्धन भत्काएर आफ्नो पक्षमा मत ल्याउने तयारीमा देखिएका छन् । त्यसमा लागि उनी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई फकाउने रणनीतिमा लागेका छन् । वामतालमेलको ढोका खुला

आगामी निर्वाचनमा नेकपा एमाले एक्लै चुनाव लड्न सक्षम भएको दाबी गरेपनि अध्यक्ष ओलीले वाम एकताको ढोका खुला भएको बताउन थालेका छन् । 'तालमेलको ढोका खुलै छ । तालमेल नभई चुनावमै जानु हुँदैन भन्ने मानसिकतामा छैनौं', 'तालमेलमा आउन चाहने सबै वामपन्थी देशभक्त शक्तिहरूलाई स्वागत छ, हाम्रो ढोका खुलै छ । तर अन्तिम शक्ति आफ्नै हो त्यसमा भर पर्छौं' उनले भने । उनीमात्रै होईन, एमालेका नेता घनश्याम भुसाल पनि वामएकताको विकल्प नरहेको बताउँछन् । 'माओवादी र एकीकृत समाजवादीले कम्युनिष्ट एकता जस्तो महत्तम कार्यभारको जिम्मेवारी लिन सम्भव नै छैन । हामीले नै पहलकदमी लिनुपर्छ र त्यसमा नेतृत्व स्थापित गर्नुपर्छ, नेता भुसालले भने । उनले वामपन्थी जनमत पुन एक भएर कांग्रेसलाई कमजोर बनाउनुपर्ने बताएका छन् । तर, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने तत्काले एमालेसँग एकता गर्ने पक्षमा देखिएको छैन । बरु, प्रचण्ड र माधव नेपालले भने एकअर्काको पार्टीबीच एकता गरेर जाने कुरालाई अघि बढाउन थालेका छन् । एमाले बाहेकका कम्युनिष्ट एक भएर जाने चर्चा चलिरहँदा एमालेसँगको तालमेल अघि बढ्न कठिन देखिन्छ । यद्यपि, अध्यक्ष ओली आगामी निर्वाचनमा बहुमत ल्याउने दाबी भने गर्न छाड्दैंनन् ।



**समानुपातिकमा कांग्रेसको नीति**

# अहिलेकालाई नदोहोऱ्याउने

नेपाली कांग्रेसले वर्तमान समानुपतिक सांसदहरुलाई नदोहोऱ्याउने नीति लिएको छ । सोही अनुसार परिपत्र गरेको छ । परिपत्रमा समानुपातिक सांसदको सिफारिस गर्ने समयाअवधि तोकिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

नेपाली कांग्रेसले वर्तमान समानुपातिक सांसदलाई नदोऱ्याउने नीति लिएको छ । सोही अनुसार परिपत्र गर्दै आफ्नो उम्मेदवार नभएको ठाउँमा सहयोग गर्ने प्रतिबद्धता पनि मागिएको छ । कांग्रेसले मंसिर ४ मा हुने निर्वाचनका लागि उम्मेदवारको नाम सिफरिस गर्न मातहतका कमिटीलाई शुक्रबार परिपत्र गरेको हो । जहाँ प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मातहतका निकायलाई भदौ २० गतेसम्म सिफारिस सूची केन्द्रमा पठाइसक्न भनिएको छ ।

कांग्रेस महामन्त्री गगन थापाले जारी गरेको परिपत्र अनुसार एकभन्दा बढी निर्वाचन – बाँकी पृष्ठ २ मा

# दोलखामा एक वर्षमा ८ हजार बढीले लिए राहदानी

**दोलखा/रासस–** जिल्ला प्रशासन कार्यालय दोलखाबाट वैदेशिक यात्राका लागि एक वर्षको अवधिमा आठ हजार ६३ नागरिकले राहदानी लिएका छन् । वैदेशिक रोजगारी, अध्ययन तथा भ्रमणकका लागि विदेश जाने नेपालीको संख्या वृद्धि भएसँगै राहदानी बनाउने नागरिकको संख्यासमेत अघिल्ला वर्षको तुलनामा वृद्धि भएको जिल्ला प्रशासन कार्यालय दोलखाले जनाएको छ ।

नौ स्थानीय तह रहेको दोलखाबाट एक वर्षको अवधिमा आठ हजार ६३ थान राहदानी जिल्ला प्रशासन कार्यालय – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सेवाग्राहीलाई राहदानी विभागका पाँच आग्रह

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले बेसमेन्ट खाली गराएपछि राहदानी विभागले सेवाग्राहीसँग विभिन्न ५ आग्रह गर्दै आवेदकहरुलाई तोकिएको समयमा मात्र विभाग आउन आग्रह गरेको छ ।

विभागले भवनको बेसमेन्टलाई आवेदकहरुका लागि होल्डिङ एरियाको रुपमा प्रयोग हुँदै आएको थियो । महानगरले शुक्रबार बेसमेन्टलाई पार्किङमात्रै प्रयोग गर्न पाइने भन्दै हटाएपछि विभागले ठाउँ साँगुरो र अपर्याप्त भएको भन्दै सूचनामार्फत उक्त आग्रह गरेको हो । विभागले जारी गरेको सूचनामा लाइभ इन्रोलमेन्ट सेन्टर मार्फत आवेदन – बाँकी पृष्ठ २ मा

## क्रोएसिया पठाउने भन्दै ठगी गरेको आरोपमा एक पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले क्रोएसिया पठाइदिन्छु भनी रकम ठगी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले आकर्षक तलबमा क्रोएसिया पठाइदिन्छु भनी रकम ठगी गर्ने धनकुटा – बाँकी पृष्ठ २ मा

# राष्ट्रियसभामा ४ पदाधिकारी रिक्त

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

२१ फागुन २०७८ देखि राष्ट्रियसभा उपाध्यक्ष र राष्ट्रियसभाका चार वटा विषयगत समितिमध्ये तीन वटा समिति नेतृत्वविहीन छ । तत्कालिन उपाध्यक्ष शशीकला दाहाल २१ फागुन २०७८ मा कार्यकाल सकेर विदा भइन । सभाका विषयगत समितिहरु- दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति र प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका तत्कालीन सभापतिहरु पनि २१ फागुन २०७८ मै कार्यकाल सकेर विदा भएका थिए । रिक्त राष्ट्रियसभा सदस्य पदमा १२ माघ २०७८ मै नयाँ सदस्य निर्वाचित – बाँकी पृष्ठ २ मा






मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ भदौ २०७९, शनिबार
27 August 2022, Saturday

**बहसमा...**

पक्षमा उत्रिने हेबिवेट नेताहरु पनि छन् । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले बालेन्द्रले सञ्चालन गरिरहेको अनधिकृत संरचना भत्काउने अभियानलाई समर्थन जनाएका छन् । डा. भट्टराईले अल्फाबिटा कम्प्लेक्सका सञ्चालकलाई नक्सा देखाउँदै गरेको तस्बिरसहित ट्विटरमा लेखेका छन्, 'वेल डन बालेन शाह, किप इट अप ।' त्यसो त आफू प्रधानमन्त्री भएकाले डा. भट्टराईले पनि कुनै बेला काठमाडौंका सडक चौडा पार्ने अभियान सञ्चालन गरेका थिए । नेकपा एकीकृत समाजवादीकी सचिव तथा पूर्व सहरी विकासमन्त्री रामकुमार झाँक्रीले पनि अवैध संरचना हटाउने मेयर बालेनको कदममा समर्थन जनाएकी छन् । सामाजिक सञ्जालमा ९ बुँदे सन्देश लेख्दै झाँक्रीले बालेनलाई राजनीतिक दबाब झेल्नुपर्ने अवस्था नरहेको बताएकी छन् । 'यसपछि अब पालो हुनेछ उपत्यकाका नदी किनारका अतिक्रमण हटाउने । मैले बागमति करीडोरका ४१ वटा अतिक्रमित संरचना हटाएईसकेको थिएँ । निर्वाचन आएको छ नगरौ भन्ने दवाव आयो र स्थगन गर्न पर्यो । स्थानीय चुनावपछि २०७९ जेठ २ गतेबाट फेरी हटाउन सुरू भएको थियो । मेरो कार्यकाल लामो रहेन' उनले लेखेकी छन्, 'मेयर बालेनजी र मैले केही योजना बनाएका थियौं । सुरुम्वासीको नाममा अतिक्रमण भएका स्थानहरूलाई खाली गर्ने कामको पनि केही योजना बनेको छ । मलाई जस्तो दलिय दवाव मेयर बालेन जीलाई हुँदैन ।'

**समानुपातिकमा...**

क्षेत्र भएको क्षेत्रीय समितिलाई पठाइएको निर्देशनअनुसार प्रत्यक्षतर्फ उमेदवारका विषयमा बढीमा तीन जना र समानुपातिकतर्फको लागि कम्तिमा एक महिलासहित बढीमा दुई जनाको नाम निर्णय गरी भदनौ १६ गतेभित्र जिल्ला कार्यसमितिमा पठाउनुपर्ने हुन्छ । जिल्ला कार्यसमितिले भने क्षेत्रबाट आएको सिफारिसमा आफ्नो राय समेटेर भाद्र १८ गतेभित्र प्रदेश कार्यसमितिमा नाम पठाउनुपर्ने हुन्छ । यता, एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लामा भदौ १८ गते जिल्लाले प्रदेश र २० गते प्रदेशले केन्द्रमा उमेदवार सिफारिस गर्नुपर्ने परिपत्रमा उल्लेख गरिएको छ ।

प्रदेशतर्फ भने प्रदेशसभा क्षेत्रीय समितिले प्रत्यक्षतर्फका लागि बढीमा तीन जना र समानुपातिकतर्फका लागि कम्तिमा एक महिलासहित बढीमा दुई जनाको नाम भदौ १४ गतेभित्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा पठाउनुपर्ने हुन्छ । यो एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाका लागि पठाइएको निर्देशन हो । प्रदेशसभा क्षेत्रीय कार्यसमितिबाट आएको सिफारिसमा आफ्नो रायसहित प्रतिनिधिसभा क्षेत्रीय समितिले भदौ १६ गतेभित्र जिल्ला कार्यसमितिमा पठाउनुपर्ने हुन्छ ।

जिल्ला कार्यसमितिले आफ्नो रायसमेत उल्लेख गरी भदौ १८ गतेभित्र प्रदेश कार्यसमितिमा पठाउनुपर्ने परिपत्रमा उल्लेख गरिएको छ । प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो रायसमेत उल्लेख गरी भदौ २० गतेभित्र केन्द्रमा नाम पठाउनुपर्ने हुन्छ । २०७४ सालको निर्वाचनमा प्रतिनिधि र प्रदेश सभामा समानुपातिकतर्फ निर्वाचितलाई फेरि पनि समानुपातिकमा सिफारिस नगर्न काँग्रेसको परिपत्र छ ।

तालमेल गर्दा अन्य दललाई छुट्याइएको स्थानमा कांग्रेसको उम्मेदवार खडा नगर्ने पत्रमा स्पष्ट छ ।

**दोलखामा...**

दोलखाबाट वितरण गरिएको हो । राहदानीका लागि तत्काल चाहिने नागरिकले दोब्बर शुल्कमा द्रुत राहदानीका लागि फाराम भर्ने र एक महिनापछिका लागि चाहिनेहरुले साधारण फाराम गरी दुई तरिकाले राहदानी दिने व्यवस्था रहेको छ ।

जिल्ला प्रशासन कार्यालयले जनाएअनुसार ३५ दिनभित्र लिने गरी साधारण राहदानीका लागि तीन हजार सात सय २३ जना पुरुष र दुई हजार तीन सय ६१ महिला गरी जम्मा छ हजार ८४ जनाले राहदानीका लागि फारम भरेका थिए । त्यस्तै एक हप्ताभित्र राहदानी दिनेले द्रुत राहदानीका लागि एक हजार ४२ जना पुरुष र नौ सय ३७ जना महिला गरी जम्मा एक हजार नौ सय ७९ जनाले फाराम भरेका थिए । दोलखामा राहदानीका लागि फाराम भर्ने नागरिकबाट एक वर्षको अवधिमा रु दुई करोड ७१ लाख ३७ हजार आठ सय ४० राजस्व संकलन भएको प्रशासन कार्यालय दोलखाले जनाएको छ । कोरोना महामारीका कारण विभिन्न देशमा अध्ययन तथा रोजगारीका लागि जाने नेपालीका लागि खुला गरेसँगै राहदानी बनाउनेको संख्या वृद्धि भएको हो ।

**सेवाग्राहीलाई...**

गरेका सेवाग्राहीमात्रै आवेदन फाराममा तोकिएको मिति र समयमा विभागमा आउन आग्रह गरेको छ । त्यस्तै विभागले राहदानी लिन आउँदा आवश्यक अवस्थामा बाहेक सम्बन्धित आवेदकमात्र आउन आग्रह गरेको छ ।

**क्रोएसिया...**

चौबिसे गाउँपालिका-५ घर भई हाल काठमाडौँको भीमसेनगोला बस्ने ३८ वर्षीय शान्तकुमार देवानलाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो ।

कार्यालयका सूचना अधिकृत दुर्गाराज रेग्मीले क्रोएसिया पुग्नका लागि प्रतिव्यक्ति रु सात लाख लाग्छ र तलब र एक लाख हुन्छ भनी विभिन्न व्यक्तिसँग रु दुई लाख रकम लिएर सम्पर्कविहिन भएका देवानलाई काठमाडौँको कागेश्वर मनोहराबाट पक्राउ गरिएको जानकारी दिए । वैदेशिक रोजगार विभागले ठगी गरी फरार देवानलाई पक्राउ गरी उपस्थित गराइदिनुहुन भनी पत्राचार गरेको आधारमा पक्राउ गरिएको हो । पक्राउ देवानलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाएको सूचना अधिकृत रेग्मीले बताए ।

**राष्ट्रियसभामा...**

भएका थिए, उनीहरु राष्ट्रियसभामा क्रियाशील छन् । तर सभापति चयन नहुँदा मिनी संसद ठप्प छ ।

५९ सदस्यीय राष्ट्रिय सभा सदस्यका लागि प्रत्येक दुई दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ । राष्ट्रिय सभाको नियमावलीमा एक तिहाइ सदस्यको पद रिक्त भएपछि समिति पुनर्गठन र सभापति हेरफेर गर्नुपर्ने व्यवस्था छ । यस अनुसार चार वटै समितिको सभापति हेरफेर गर्नुपर्ने हुन्छ । तर, विगतमा सम्बन्धित समिति सभापतिलाई कार्यकालभर सभापतिकै रुपमा रहन दिइएको अभ्यास छ । यस अनुसार राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापतिमा दिलकुमारी रावल थापा (पार्वती) यथावत् छिन् ।

बाँकी पदाधिकारीहरु कहिले चयन हुन्छन यकिन छैन । कारण- राष्ट्रिय सभामा रिक्त रहेका पदाधिकारीका लागि आसन्न प्रदेश र संघीय चुनाव पर्खिने अनौपचारिक सहमति राजनीतिक दलहरुमा छ । अनौपचारिक सहमतिको कारण हो- भागवण्डा नमिल्नु ।

नेकपा एमाले, राष्ट्रियसभा संसदीय दलका प्रमुख सचेतक खिमलाल भट्टराईका अनुसार उपाध्यक्ष र तीन विषयगत समितिको सभापतिको रिक्त पदपूर्तिमा पार्टीले खेल्ने भूमिकाबारे छलफल भइरहेको छ । तर यो विषयमा सत्ता पक्षले पनि ध्यान दिनुपर्ने भन्दै उनी थप्छन्, 'समितिका सभापति रिक्त हुनु भनेको संसदीय अभ्यासमा राम्रो होइन, तर सत्ता पक्षको ध्यान यता गएको छैन ।'

सत्तारुढ गठबन्धनमा पनि किचलो छ । विगतका राष्ट्रिय सभाको उपाध्यक्ष र प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति लिएकाले फेरि पनि आफैँले पाउनुपर्नेमा माओवादी केन्द्रको दाबी छ । गठबन्धन सोही अनुसार दिन तयार हुँदा माओवादीभित्र कसलाई बनाउने भनी छलफल हुँदा नेता नारायणकाजीको भागमा परेको र नारायणकाजीको सांसद राष्ट्रिय सभामा नरहेका कारण समस्या भएको नेताहरु बताउँछन् । 'उपाध्यक्षको निर्वाचन गर्ने कि भन्ने थियो । नारायणकाजी श्रेष्ठले राष्ट्रिय सभाको अर्को चुनावपछि आफ्ना मान्छे राष्ट्रिय सभामा आउने र उनैलाई सभापति बनाउने चाहना राखेका छन्' माओवादीकै एक नेताले सुनाए । राष्ट्रिय सभाको अर्को चुनाव आगामी फागुन १९ भित्र गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । बाँकी समितिका सभापतिहरु चयनका विषयमा पनि गठबन्धनमा रहेका दलहरुक्ष बीचमा कुरा मिल्न सकेको छैन् । विधायन व्यवस्थापन समिति सभापतिमा कांग्रेस र नेकपा एकीकृत समाजवादीले दाबी गरेको छ । एकीकृत समाजवादीका महासचिव बेदुराम भुसाल नै सभापतिका आकांक्षी छन् । तर, प्रधानमन्त्री कांग्रेसको भएकाले कांग्रेले नै विधायन व्यवस्थापन समितिको सभापति पाउनुपर्नेमा कांग्रेसको अडान छ । दिगो विकास तथा सुशासन समितिमा पनि विगतमा कांग्रेसले दाबी गरेको छ । कांग्रेसले विधायन र दिगो विकासमध्ये एउटा लिने र एउटा एकीकृत समिाजवादीलाई दिएर जाँदा हुन्छ कि भन्ने कोणबाट समेत छलफल भएको थियो । तर, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति सभापति माओवादीले लिँदा जनता समाजवादी पार्टी (जसपा) छुट्छ । माओवादीले एउटा समिति सभापति कुनै हालतमा नछोड्ने र जसपाले पनि राष्ट्रिय सभाको एउटा समितिको सभापति पाउनुपनै पर्ने दाबी गरेको छ ।

कसै गरे पनि राष्ट्रिय सभामा रिक्त रहेका पदाधिकारीबारे भागवण्डा नमिल्ने भएपछि दलहरुका बीचमा चुनाव पछाडि मात्रै चयन गर्ने अनौपचारिक सहमति छ । तर, चुनाव राष्ट्रिय सभाको नभएर प्रदेश र प्रतिनिधिसभाको चुनाव कुरिनेछ । ४ मंसिरमा प्रदेश र प्रतिनिधिसभाको चुनाव हुँदैछ । 'चुनावपछि दलहरुको हैसियत तय हुनेछ । नेताहरुका अनुसार प्रतिनिधिसभाको हैसियतका आधारमा गठबन्धन हुने भएकाले राष्ट्रिय सभाको रिक्त पदाधिकारी चयन हुनेछ ।

लुम्बिनी डायरी

जगत ठाडा मगर/मध्यान्ह

# सीमा क्षेत्रमा सशस्त्र प्रहरीको भूमिका प्रभावकारी

नेपालमा सशस्त्र प्रहरी बलको स्थापना भएको दुई दशक भएको छ । सशस्त्र प्रहरीले करिब १३ वर्षदेखि नेपाल र भारत सीमा क्षेत्रमा हुने अवैध गतिविधि रोक्न अब्बल सावित देखिँदै आएको छ । सशस्त्र प्रहरीले सिमित स्रोत साधनको बाबजुद सीमा क्षेत्रमा हुने अवैध गतिविधि रोक्न अग्रसर छ ।



पश्चिम नवलपरासीको सशस्त्र प्रहरी बल २६ नं गण बेलाशपुरले अन्तर्राष्ट्रिय रुपमा विवादित भूमी सुस्ता लगायत ५ वटा बिओपी र २ वटा राजमार्ग वेश क्याम्पमार्फत जिल्लाका सीमा क्षेत्रको सुरक्षा निगारानी गरिरहेको छ । सीमा क्षेत्रबाट चोरी तस्करी नियन्त्रणमा प्रभावकारी देखिएको विश्लेषण गरेका छन् । सशस्त्र प्रहरीले शान्ति सुरक्षा, अमनचयन र सीमा सुरक्षामा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको स्थानीयले बताएका छन् । सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्रले केही महिना अगाडि करिब एक करोड नौ लाख २७ हजार बराबरको विभिन्न किसिमका सामनाहरु बरामद गरी भन्सार र राजस्व कार्यालयमा पठाइएको थियो ।

नवलपरासी सशस्त्र प्रहरी गण नं २६ का सूचना अधिकारी एवम् सशस्त्र प्रहरी नायव उपरीक्षक केशब राज थापाका अनुसार सशस्त्रले लत्ताकपडा, किराना सामान, हार्डवेयरका सामान, खाद्यान्न, ईलेक्ट्रोनिक्स र टायल लगायतका अवैध रुपमा भारतबाट चोरी तस्करी गरी ल्याएका सामग्री बरामद गरेको थियो ।

भारतसँग पश्चिम नवलपरासीको २७ किलोमिटर खुल्ला सीमा रहेको छ । खुल्ला सीमाको फाइदा उठाउदै तस्करहरुले विभिन्न सामानको चोरी तस्करीदेखि अपराधिक गतिबिधि गर्ने गर्दछन् । यसको नियन्त्रणका लागि सशस्त्र प्रहरी बल नेपाल २६ नं गणले हरदम प्रयास गरिरहेको छ । सो प्रयासले गर्दा अवैध चोरी तस्करी, लागूऔषध ओसारपोसार लगायतका अवैध कार्य नियन्त्रणमा आएको छ । त्यस्तै सशस्त्रले जिल्लाको विभिन्न विद्यालयका छात्रछात्रालाई लागूऔषध, बालविवाह, यौनहिंसा, चेलिबेटी बेचबिखन जस्ता गतिविधिको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

जिल्लामा सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीले खोलानालामा भएको जलकुम्भी सरसफाइदेखि सीमावर्ती क्षेत्रका बस्तीमा हुने अराजक गतिविधि र आगलागी नियन्त्रणमासमेत योगदान गरिरहेको छ ।

पछिल्लो समय सशस्त्र प्रहरी बल २६ नं गणका गणपतिको कडा निर्देशनमा सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट (बिओपी) र वेश क्याम्पले तस्करद्वारा राजस्व छली भारतबाट ल्याइएका अवैध सरसामान नियन्त्रण पश्चात् आवश्यक कानूनी प्रक्रियाको लागि भन्सार र राजश्व कार्यालय पठाइरहेको छ ।

२६ नं गण मातहतका सम्पूर्ण बिओपी र वेश क्याम्पलाई सीमा क्षेत्रबाट अवैध रुपमा भएको चोरी तस्करी पूर्णरुपमा नियन्त्रण गर्न गणपतिको कडा निर्देशन रहेको सशस्त्र प्रहरी स्रोतको दाबी छ ।

प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेलको निर्देशनमा रातिको समयमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त गस्ती टोली परिचालन गरि नियन्त्रण गर्न थालिएको छ । चोरी तस्करी नियन्त्रणका लागि पटकपटक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नेपाल प्रहरी प्रमुख र सशस्त्र प्रहरी प्रमुखबीच समन्वयसमेत भइरहेको छ ।

कोरोना संक्रमण नियन्त्रणमा सीमामा खटिएको सशस्त्र प्रहरीले त्यति बेला तोकिएको दायित्व भन्दा बढी सिमित साधन स्रोतका बावजूद चुनौतीलाई साहसका साथ सामना गरेको थियो । सो विषम परिस्थितिमा ज्यानको जोखिम मोलेर सीमामा सशस्त्र प्रहरी र नेपाल प्रहरीले पहरा दिएका थिए । सीमा सुरक्षमा अहिले सशस्त्रको भूमिका प्रशंसनीय रहेको छ ।

# गौतमबुद्ध विमानस्थलमा भदौ १६ गतेदेखि जजिराले दैनिक उडान भर्ने

भैरहवाको गौतमबुद्ध अन्तरर्ाष्ट्रिय विमानस्थलमा अब दैनिक अन्तर्राष्ट्रिय उडान हुने भएको छ । अहिले साताको तीन उडान गरिरहेको जजिरा एयरवेजले १ सेप्टेम्बर (१६ भदौ) देखि दैनिक एक उडान गरी सातामा उडान संख्या सात पुऱ्याउन लागेको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए ।

'गौतमबुद्धमा यात्रुको उपलब्धताबाट उहाँहरु उत्साहित हुनुहुन्छ,' उनले भने, 'सोही अनुसार उडान थप हुन लागेको हो ।' जजिराले गौतमबुद्ध विमानस्थलमा उडान गरिरहेको छ । हाल जजिराले कुवेतबाट काठमाडौंमा दैनिक र कुवेतबाट भैरहवामा साताको तीन उडान गरिरहेको छ । भैरहवा विमानस्थलमा अर्को महिनाबाट वीज एयरले आवुधावीबाट सिधा उडान गर्ने गरी अनुमति लिइसकेको छ । प्रवक्ता निरौलाका अनुसार अक्टोवरबाट भने वीज एयरका जहाज पनि भैरहवामा आउने छन् । नेपालमा वर्षायाम सकिएपछि पर्यटकीय सिजन प्रारम्भ हुन्छ । त्यसपछि भने नयाँ कम्पनीहरु आकर्षित हुन सक्ने अपेक्षा प्राधिकरणको रहेको छ ।


## कुवेतमा रोजगार | कम्पनी : HASHIM AL SHAKHS & CO. GEN. TRAD. & CONT. W.L.L.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०१८०५०९ LT. No.: 264358 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ३८,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 95 | ३८,४५३ | | | | | | | |
| 3. | Light Driver | 3 | 0 | | 140 | ५६,६६८ | | | | | | | |
| 4. | Salesman | 3 | 0 | | 130 | ५२,६२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १८ गते (3 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677 ,9810166668
Email: manakamanamfec1@gmail.com



## कुवेतमा रोजगार | कम्पनीः AL-FUWAIRIS GENERAL TRADING COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०५/१० चलानी नं.: ६०१८६२४३ LT. No.: 270380

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 3 | 0 | स. काममा दक्ष | 120 | ४९,७३१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तरवार्ता २०७९ भदौ १८ गते (3 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Mob.: 9801182638, 9801182627,
Email- info@merocvs.com / info@luckyhrsolution.com



## Cyprus मा महिलाहरूलाई रोजगारको अवसर

१.कम्पनीः Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca. पुनः विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।०८।१३ चलानी नं. ६०१६९०४७ LT.No. 252375

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 03 | काममा दक्ष | 315 | ४०,१३४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनीः C & C Private Employment Agency., Cyprus. पुनः विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।१०।१४ चलानी नं. ६०१७३६०१ LT.No. 257234

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 01 | काममा दक्ष | 314 | ४०,००६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनीः Mayiasova Services Ltd., Cyprus. पुनः विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।१२।१० चलानी नं. ६०१७६४५३ LT.No. 260151

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 01 | काममा दक्ष | 314 | ४०,००६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.४०,०००/- |

अन्तर्वार्ता २०७९ भाद्र १८ गते (3 Sep, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग,बिद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS
Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom


Governemnt of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads

## Federal Highway Supervision and Monitoring Office, Pokhara

Roads Division Shivapur

## Notice to Open Financial Bids

**Date of Publication: 2079/05/11**

1. Persuant to Rule 31(nga), Sub Rule 5 of Public Porcurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bidded as per our notice No. as listed below on "Nepal Samacharpatra National Daily" that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| Bid Notice No. | Contract Identification No. | Name & Address of Bidders. |
|---|---|---|
| 01/RDSPR/ 2079/080 | RDSPR/337011384/ 079/80/001 | 1. M/S Indra Nirman Company Pvt.Ltd., Hetauda |
| | | 1. M/S Pantha Construction, Lalitpur |
| | | 2. M/S ANSHU-KC J.V, Snhivraj Kapilvastu |
| | RDSPR/337310113/ 079/80/002 | 1. M/S Indra Nirman Company Pvt Ltd Hetauda |
| | | 2. M/S ANSHU-KC J.V, Snhivraj Kapilvastu |
| 02/RDSPR/ 2079/080 | RDSPR/337011384/ 079/80/005 | 1. M/S Pradeep Construction, Butwal |
| | | 2. M/S Pantha Construction, Lalitpur |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2079/05/19 at 13:00 hrs in the Roads Division Shivapur.

**Division Chief**


## वाईनस वाईन प्रा. लि.
टूकुचा काभ्रे

### मूल्य सूची

यस उद्योगद्वारा उत्पादित निम्नलिखित वाइनहरु मिति २०७९/०५/२० गतेदेखि निम्न मूल्यमा विक्री वितरण गरिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मूल्यमा मू.अ. कर समेत समावेश गरिएको छ ।

| ब्राण्डको नाम | अल्कोहल प्रतिशत | मि. लि. | नेशनल डिष्ट्रिव्युटर मूल्य | नेशनल डिष्ट्रिव्युटर कमिशन | क्षेत्रिय डिष्ट्रिव्युटर मूल्य | क्षेत्रिय डिष्ट्रिव्युटर कमिशन | डिष्ट्रिव्युटर मूल्य | डिष्ट्रिव्युटर कमिशन | होलसेलर मूल्य | होलसेलर कमिशन | रिटेलर्स मूल्य | रिटेलर्स कमिशन | उपभोक्ता मुल्य प्रति कार्टुन | उपभोक्ता मुल्य बोतल/पाउच |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Saipal Sweet Red/White | १० | ७५० | ७५९१.१७ | ५३१.३९ | ८१२२.५६ | ६४९.८० | ८७७२.३६ | ५२६.३४ | ९२९८.७० | ४६४.९४ | ९७६३.६४ | ९७६.३६ | १०७४० | ८९५ |
| Swastik Sweet Red/White | ११.५ | ७५० | ६८८०.५३ | ३४४.०३ | ७२२४.५६ | ५७७.९७ | ७८०२.५३ | ४६८.१५ | ८२७०.६८ | ४१३.५३ | ८६८४.२१ | १२१५.७९ | ९९०० | ८२५ |
| Nashla Sweet Red/ White | ११.५ | ७५० | ६७८५.४१ | ४७४.९७ | ७२६०.३८ | ५८०.८४ | ७८४१.२२ | ४७०.४७ | ८३११.६९ | ४१५.५८ | ८७२७.२७ | ८७२.२३ | ९६०० | ८०० |
| Saipal Sweet Red/White 4Ltr Box Wine | १० | ४००० | १११८१.७८ | ७८२.७३ | ११९६४.५१ | ९५७.१६ | १२९२१.६७ | ७७५.३० | १३६९६.९७ | ६८४.८५ | १४३८१.८२ | १४३८.१८ | १५८२० | ३९५५ |
| Swastik Sweet Red/White 4Ltr Box Wine | ११.५ | ४००० | १००५०.७८ | ७०३.५६ | १०७५४.४४ | ८६०.३६ | ११६१४.८० | ६९६.८९ | १२३११.६९ | ६१५.५८ | १२९२७.२७ | १२९२.७३ | १४२२० | ३५५५ |

# सशस्त्र प्रहरीको ब्यारेकमा विद्युतीय चुलो



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरण र सशस्त्र प्रहरीबलबीच विद्युतीय चुलो प्रयोगका लागि सम्झौता भएको छ । संस्थागतरुपमा नै विद्युतीय सवारी साधनको प्रवर्द्धन र चुलोको अभियान चलाउँदै आएको प्राधिकरण र सशस्त्र प्रहरीबलबीच विद्युतीय चुलो प्रयोगका लागि समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोकमा शुक्रबार आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बलका तर्फबाट महानिरीक्षक राजु अर्याल र प्राधिकरणका तर्फबाट कार्यकारी निर्देशक कुलमान घिसिङले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

समझदारीअनुसार सशस्त्र प्रहरीका ब्यारेकमा सञ्चालित भान्सा (मेस) हरुमा भइरहेको एलपी ग्यासको प्रयोगलाई विस्थापित गर्न क्रमिकरुपमा इन्डक्सन चुलो प्रयोग गरिनेछ । प्राधिकरणले इन्डक्सन चुलो प्रयोगका लागि विद्युत् खम्बा थप गर्ने, ठूला क्षमताका ट्रान्सफर्मर राख्नेलगायतका आवश्यक भौतिक पूर्वाधार बनाइदिनेछ ।

कार्यक्रममा महानिरीक्षक अर्यालले देशभर उपस्थित सशस्त्र प्रहरीको जनशक्तिलाई मेस व्यवस्थापन गर्दा ठूलो परिमाणमा ग्यास प्रयोग भइरहेकाले यसको सट्टामा विद्युतीय चुलो प्रयोग गर्न पाउनुलाई ठूलो अवसरका रुपमा लिइएको बताए ।

'स्वदेशमै उत्पादन भएको विद्युत्मार्फत इन्डक्सन चुलो प्रयोगबाट एकातर्फ आन्तरिक ऊर्जा खपत बढ्छ भने अर्कोतर्फ इन्धन आयात कम गर्न सकिन्छ', उनले भने, 'यसबाट इन्धन आयातमा भइरहेको विदेशी मुद्राको खर्चले सिर्जना गरेको सोधानान्तर घाटालाई कम भई राष्ट्रिय अर्थतन्त्रमासमेत सकारात्मक प्रभाव पर्छ ।' विद्युतीय चुलोको प्रयोगबाट सङ्गठनलाई मात्र नभई देशलाई नै फाइदा पुग्ने अर्यालले उल्लेख गरे ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सशस्त्र प्रहरीको मेसमा विद्युतीय चुलोको प्रयोग गरिनु आन्तरिकरुपमा विद्युत् खपत बढाउने महत्वपूर्ण कदम भएको बताए ।

'देशमा उत्पादित हरित विद्युत् यहीं खर्च गर्न सक्यौं भने पेट्रोलियम पदार्थको आयातमा वार्षिकरुपमा खर्च भइरहेको रु चार खर्बभन्दा बढी बचाउन सकिन्छ, त्यसले विद्युतीय गाडीको प्रयोग गरौं, विद्युतीय चुलोमा खाना पकाएर विद्युत्को खपत बढाऔं', उनले भने ।

विद्युतीय गाडी प्रयोग गर्दा पेट्रोलियम पदार्थबाट चल्नेभन्दा धेरै कम खर्च लाग्छ, विद्युतीय उपकरणको प्रयोग गरी खाना पकाउँदा ग्यासबाटभन्दा धेरै सस्तो पर्छ, विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन पूर्वाधार निर्माणको काम अभियानकैरुपमा गरिरहेको उनको भनाइ छ ।

सशस्त्र प्रहरी बलका देशभर आठ बाहिनी, ४४ गण, ४४ गुल्म, दुई सय २२ बिओपी, १४ तालिम केन्द्र रहेका छन् । प्रत्येक कार्यालयमा तीनवटासम्म मेश सञ्चालित छन् । खाना पकाउन प्रयोग हुने ग्यासमा वार्षिक झण्डै रु ४० करोड बराबरको खर्च हुने गरेको छ ।

**सत्र चार्जिङ स्टेसन स्थापना गरिने**

सशस्त्र प्रहरी बल र प्राधिकरणबीच विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माण तथा सञ्चालनसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ । समझदारीअनुसार, सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रद्वारा हाल सञ्चालित दुई वटा पेट्रोलपम्प र सशस्त्र प्रहरीका कार्यालयका १५ उपयुक्त स्थान गरी १७ ठाउँमा चार्जिङ स्टेसन स्थापना गरिनेछ । चार्जिङ स्टेसन दीर्घकालीनरुपमा कल्याणकारी कोष मातहत सञ्चालन हुनेछन् । प्राधिकरण र नेपाल प्रहरीबीच २५ ठाउँमा चार्जिङ स्टेसन स्थापना गर्न यस अघिनै समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ ।

समझदारीअनुसार, प्राधिकरणले आफ्नै खर्चमा चार्जिङ स्टेसनका सम्पूर्ण उपकरण खरिद तथा पूर्वाधार निर्माण गर्नेछ । उपकरणहरुको मर्मत तथा नियमित सर्भिसिङ समेत प्राधिकरणले नै गर्ने छ । सशस्त्र प्रहरीले पूर्वाधार निर्माणका लागि उपयुक्त स्थान उपलब्ध गराउने छ र निर्माण भएपछि चार्जिङ स्टेसनको सञ्चालन तथा सुरक्षा गर्ने छ । चार्जिङ स्टेसन तेस्रो व्यक्ति/संस्थालाई सञ्चालन गर्न दिन नपाउने व्यवस्था गरिएको छ ।

चार्जिङ स्टेसन सञ्चालन गर्दा प्राधिकरणले समयानुकूल निर्धारण गरेको दरमा सर्वसाधारणलाई समेत सर्वसुलभ रुपमा उपयोग गर्न पाउने व्यवस्था गर्नं पर्ने छ । सवारी साधन चार्ज गर्दा उपभोक्ताले तिर्ने महसुल प्राधिकरणले सङ्कलन गर्नेछ ।

विद्युत् वितरण विनियमावलीको व्यवस्था बमोजिम विद्युत महसुल दरको शुल्कमा हुने कूल नाफाको ५० प्रतिशत रकम चार्जिङ स्टेसनको सञ्चालन तथा व्यवस्थापन खर्चको रुपमा सशस्त्र प्रहरीको कल्याणकारी केन्द्रले पाउने छ ।

प्राधिकरणले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न देशैभरी ५१ स्थानमा छिट्टो चार्ज गर्न सक्ने अत्याधुनिक चार्जिङ स्टेसन निर्माण गरिरहेको छ । प्राधिकरणले निर्माण गरिरहेका हरेक चार्जिङ स्टेसनमा १४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभीएको ट्रान्सफर्मर,अनलाइन विलिङ प्रणालीको जडान गरिने छ ।

चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोबाटका डिसी र २२ किलोवाटका एसी चार्जरहरु राखिने छन् । यसबाट ठूला बससहित तीन वटा सवारी साधनले एक साथ चार्ज गर्न सकिने छ । तीन सयभन्दा बढी चार्जरलाई सेवा दिन सक्ने गरी प्राधिकरणको डाटा सेन्टरमा चार्जिङ स्टेसनको सफ्टवेयर राखिने छ । ५० वटै स्टेसनको कन्ट्रोल काठमाडौंबाट हुनेछ । सवारी साधनको चार्ज गरिसकेपछि ग्राहकले क्यूआर कोड र मोवाइल एपमार्फत बिलको भुक्तानी गर्न सक्नेछन् ।

# गर्भवती महिलाको हेलिकप्टरबाट उद्धार



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १० भदौ

गर्भवती महिलाको हेलिकप्टरबाट उद्धार गरिएको छ । अछामको पञ्चदेवल विनायक नगरपालिका वडा नं -४ की २९ वर्षीया ऐलिना रावललाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले जानकारी दिए ।

'रावलको अत्यधिक रक्तस्राव भएपछि अकालमा ज्यान जान दिनुभएन । त्यसैले राष्ट्रपति महिला उद्धार कोषमार्फत बिहीबार हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि सुर्खेत पठाइएको हो' प्रमुख जिल्ला अधिकारी प्याकुरेलले भने ।

जिल्लामा गर्भवती महिला र बच्चाको स्वास्थ्यमा जोखिम भएको जानकारी पाएपछि जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको राष्ट्रपति महिला उद्धार कोषबाट सुत्केरी रावलको हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

लगातार लामो प्रसव व्यथा लागेपछि, बच्चा जन्मिन कठिनाई भएको, दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं -७ मा रहेको स्थानीय मेडिकलमा प्रसुती गराउन नसकिने चिकित्सकले सल्लाह दिएपछि उनको उद्धार गरेर सुर्खेत लगिएको हो । हालसम्म दैलेखबाट मात्रै सुत्केरी तथा गर्भवती महिलाको हेलिकप्टरमार्फत २० जनाको उद्धार भइसकेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/११**

**क्रिस्टल एकेडेमी प्रा.लि.**को मिति २०७९/०३/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वेदाङ्ग इन्टरनेशनल स्कूल प्रा.लि. (प्रा.लि. नं. ३२९६६)** कायम गर्ने गरी मिति २०७९/०५/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/११**

**तिबुङ्पोखरी निर्माण एण्ड सप्लायर्स प्रा.लि.**को मिति २०७९/०४/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिम्बुङ पोखरी निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. २४२८८८)** कायम गर्ने गरी मिति २०७९/०४/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धि सूचना !

"तेस्रो पटक प्रकाशित"

**साविक मेरिना ट्रेडर्स प्रा. लि. को मिति २०७९/०४/०९ मा सम्पन्न साधारण सभाको निर्णयअनुसार कम्पनी रजिष्ट्ररको कार्यलयबाट कम्पनीको नाम परिवर्तन भई मेरिना इन्टेरियर एण्ड विल्डर्स प्रा. लि. (Merina Interior and Builders Pvt. Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पुर्ण सरोकारवाला तथा सर्वसाधरणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

Merina Interior & Builders Pvt. Ltd. Kathmandu


## UAE को प्रतिष्ठित Delivery कम्पनीमा Fixed Salary सहित Nepali Bike Rider हरुलाई रोजगारको अवसर

Company Name : Consegna Delivery Service LLC

पुनः विज्ञापन । पूर्व स्वीकृति मिति: २०७८/११/२९ चलानी नं. ६०१७५८२६ LT.No. 259438

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bike Riders | 22 | काममा दक्ष | 2000 | ६९,६५९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोट : मोटरसाईकलको लाईसेन्स अनिवार्य हुनुपर्नेछ । साथै पठाओ, टुटल, फुडमाण्डुमा राईडर काम गरेकाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

अन्तरवार्ता २०७९ भदौ १८ गते (3 Sept, 2022) यस प्रा.लि. को कार्यालय गोंगबु, काठमाडौंमा हुनेछ ।

TIMES MANAGEMENT SYSTEM PVT. LTD.
Gongabu- 9, Tokha , Kathmandu, Tel: 01-5906211, 9823516396, 9823516348
Email: timesmanpower944@gmail.com | Web : www.tmsnepal.com.np


## भूल सुधार

मिति २०७९/०५/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगारको अवसर शिर्षक पूर्व स्वीकृत मितिः २०७९/०५/०९ गते चलानी नं.: ६०१८६१२०, LT. No.: 270214, र कम्पनी नाम : TGULF WAY TECHNICAL CONTRACTING CO.W.L.L. को विज्ञापनमा माग संख्या Helper पुरुष २ र महिला शुन्य हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोन: ४७२१३९४/४७२१३९५, मो.: ९८४१७६६२४२, ९८१३५९५४४६

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/११**

**ईजल्याण्ड फास्ट फुड एण्ड सेकुवा कर्नर प्रा.लि.**को मिति २०७९/०५/०१ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आई.डि. स्टोर प्रा.लि. (प्रा.लि. नं. २५०३६६)** कायम गर्ने गरी मिति २०७९/०५/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रकाशन मितिः २०७९/०५/११**

यस संस्थाको मिति २०७९ भाद्र १० गते बसेको संचालक समितिको १२१ औं बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा यस संस्थाको चौधौं वार्षिक साधारण सभा आयोजना गरिएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**क)मितिः २०७९ साल आश्विन १ गते शनिवार**
**ख)स्थानः सम्राट पार्टी प्यालेस, नयांबजार धारागल्ली, काठमाण्डौं**
**ग)समयः विहान ९:00 बजे**

**छलफलका विषयहरुः**

१) अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन र आ.व. २०७९/०८० को वार्षिक योजना, बजेट एवम् कार्यक्रम उपर छलफल र पारित ।
२) आ.व.२०७८/०७९ लेखा परिक्षण प्रतिवेदन सहितको वित्तिय विवरण पारित गर्ने ।
३) लेखा सुपरिवेक्षण समितिको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
४) संरक्षित पूंजी फिर्ता कोष, लाभांश र कर्मचारी बोनस वितरण गर्ने बारे ।
५) आ.व.२०७९/०८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
६) संस्थामा कार्यरत कर्मचारीहरुको तलब, भत्ता एवम् अन्य सुविधा र संचालक एवम् लेखा समिति तथा अन्य उप-समिति समेतको बैठक भत्ता निर्धारण गरि लागु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
७) संस्थाको बचत तथा ऋण परिचालन निति, २०७२ लाई परिमार्जन गर्ने एवम् व्याजदर थप घट, समायोजन तथा हेरफेर गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
८) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि मनोनयन गर्ने ।
९) विविध ।

**तमु हे बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
गल्कोपाखा, काठमाडौं, फोन नं. ४९५७५२९


## युएईमा रोजगारको अवसर

कम्पनी: ROYAL NAILS BEAUTY LOUNGE शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०५/१० चलानी नं.: ६०१८६२२२ L.T. No.: 270434

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | | 1500 | ५२,०३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १८ गते (3 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

## साउदीमा रोजगार

कम्पनी: HAYA'A MATAIR MELFI AL DOSSARY FAST FOOD RESTAURANT. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०५/१० चलानी नं.: ६०१८६२०० L.T. No.:270392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ५०,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १८ गते (3 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

PERFECT DESTINATION PVT. LTD.
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

## मलेशियामा रोजगार

१. कम्पनी: SECURI-PRO PROTECTION & SECURITY SERVICES SDN. BHD. शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०२/१७ चलानी नं.: ६०१८०१३० LT. No.: 263590 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: FIZLESTARI PLASTIC SDN BHD शहर : Nilai

पूर्व स्वीकृत मिति: २०७९/०१/०६ चलानी नं.: ६०१७८११२ LT. No.: 261804 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 295 | 0 | स. काममा दक्ष | 1200 | ३४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ भदौ १८ गते (3 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनूपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TILICHO OVERSEASE PVT. LTD.
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

## Qatar मा Guard हरूलाई रोजगारको अवसर

१. कम्पनी: Al Sraiya Security Services, Doha, Qarar

पूर्व स्वीकृती मिति २०७९।०५।१० चलानी नं. ६०१८६१९२ LT.No. 270379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 38 | - | काममा दक्ष | 1500 | ५२,३०५।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ वर्ष |

अन्तर्वार्ता २०७९ भाद्र १८ गते (3 Sept., 2022) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।

रोयल ओभरसिज नेपाल प्रा. लि.
ROYAL OVERSEAS NEPAL
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४

## मलेसियामा रोजगार

कम्पनी : CNT PLASTIC SDN BHD शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६२३७ LT. No.: 270317

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 65 | 0 | स. काममा दक्ष | 1500 | ४२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

